# शिखर फाइनान्स लिमिटेड
## Shikhar Finance Limited


थापाथली, काठमाडौं ।
पो. व. नं. २५७६२
फो. नं. ४१००५२५, ४१००५२६ फ्याक्स नं. ४१००५२७
ईमेल : sfl@mail.com.np, info@shikharfinance.com
वेव साईट : shikharfinance.com


# छैंठौं वार्षिक साधारण सभा

को

काम कारवाहीको विवरण

(माईन्यूट)

| | | |
|---|---|---|
| सभा मिति | : | २०६८ साल पौष ५ गते, मंगलवार । |
| सभा समय | : | विहान ११ बजे |
| सभा स्थान | : | नेपाल पर्यटन बोर्ड<br>भृकुटी मण्डप, काठमाडौं । |

# शिखर फाइनान्स लिमिटेड

Shikhar Finance Limited

को

छैठौं वार्षिक साधारण सभाको

काम कारवाहीको विवरण

(माईन्यूट)

यस संस्थाको मिति २०६८/०८/१२ मा बसेको संचालक समितिको १५६ औं बैठकको निर्णय अनुसार मिति २०६८ साल पौष ०५ गते मंगलवारका दिन यस संस्थाको छैठौं वार्षिक साधारण सभा संस्थाको संचालक समितिको अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्यू को अध्यक्षतामा नेपाल पर्यटन बोर्ड, भृकुटी मण्डप, काठमाडौंमा विहान ११.१५ बजे शुरू भै दिउँसो १ बजे देहाय बमोजिम सम्पन्न भयो ।

**१. वार्षिक साधारण सभाको छलफलको विषय सूची :**

**छलफलका लागि प्रस्तावित विषयहरू :**

१. **सामान्य प्रस्तावहरू**

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) लेखा परीक्षण प्रतिवेदन सहितको आर्थिक बर्ष २०६७/०६८ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने

ग) संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लि. संग मर्ज नभए सम्म आ. व. २०६८/०६९ को लागि लेखा परीक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

२. **विशेष प्रस्तावहरू**

क) संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको ३७.५० प्रतिशत वोनश शेयर (रू.३,७५,००,०००/-) र चुक्ता पूँजीको १.९७ प्रतिशतले हुने नगद लाभाशं (रू.१९,७३,६८४.२१) (लाभाशं कर प्रयोजनार्थ) वितरण गर्न पारित गर्ने ।

ख) वोनश शेयर जारी गरेपछि बाँकी रहन आउने दशमलव पछिको भिन्न अंकको बोनश शेयरलाई सम्बन्धित शेयरधनीको नाममा अभिलेख राखि अर्कोपल्ट वोनश शेयर वा नगद लाभाशं वितरण गर्दा मिलान गर्ने बारे प्रस्ताव पारित गर्ने ।

ग) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

अ) जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे ।

आ) प्रबन्धपत्र तथा नियमावलीमा संम्बन्धित निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार दिने बारे ।

घ) चल अचल सम्पत्ति मूल्याकंनकर्ताबाट यस संस्थाको सम्पत्ति र दायित्व मूल्याकंन प्रतिवेदन (Due Diligence Report, DDR) प्राप्त भईसकेको र मर्ज सम्बन्धी अन्य प्रक्रिया पूरा भएको हुँदा यस संस्था काष्ठमण्डप डेभलभमेण्ट बैंक लिमिटेडसंग गाभ्ने/गाभिने सम्बन्धी अन्तिम स्वीकृती प्रदान गर्ने ।

ङ) यस संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड बैंक लि. संग गाभ्ने/गाभिन सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

३. **विविध** :

पुनश्चः (वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०६८/०८/२१ देखि मिति २०६८/०९/०५ गते सम्म संस्थाको शेयर दाखिल खारेज नामसारी किताब बन्द रहनेछ ।)

**२. <u>सभाको सूचना सम्बन्धी जानकारी</u> :**

छैंठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०६८ साल मंसीर १३ गतेको "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०६८ मंसीर २३ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको व्यहोरा जानकारी दिईएको थियो । साधारण सभा हुने मिति, समय तथा स्थान र विषय सूची खोलिएको सूचना सहित छैंठौं वार्षिक प्रतिवेदन लगायत सभामा प्रस्तुत हुने विषयसूची अनुसारका प्रस्तावहरू शेयर धनी महानुभावहरूलाई वितरण गरिएको, वार्षिक प्रतिवदेन प्राप्त नभएका शेयरधनी महानुभावहरूले संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने र सोको संस्थाको वेव साईट www.shikharfinance.com बाट समेत हेर्न सकिने व्यहोराको साधारण सभा सम्बन्धी सूचनामा शेयरधनी महानुभावहरूलाई जानकारी दिएको सूचित गराईएको थियो ।

**३. सभामा उपस्थितिः**

३.१ <u>संचालक समितिका पदाधिकारीहरू</u> :

| | | |
|---|---|---|
| ३.१ श्री दुर्गामान श्रेष्ठ | अध्यक्ष | (संस्थापक शेयरधनी) |
| ३.२ श्री महेश कुमार श्रेष्ठ | संचालक | (संस्थापक शेयरधनी) |
| ३.३ श्री शम्भु बहादुर प्रधान | संचालक | (संस्थापक शेयरधनी) |
| ३.४. श्री चन्द्र खत्री | संचालक | (संस्थापक शेयरधनी) |
| ३.५. श्री भरत रेग्मी | संचालक | (सर्वसाधारण शेयरधनीको तर्फबाट) |

३.२ श्री उमेश रेग्मी — महाप्रबन्धक

३.३ शिखर फाइनान्स लि. का पूर्व संचालकहरू तथा संस्थापक शेयरधनी महानुभावहरू ।

३.४ <u>पर्यवेक्षकहरू</u>

३.३.१ श्री दिपक शर्मा — श्री नेपाल धितोपत्र बोर्डका प्रतिनिधि ।

३.५ <u>लेखा परिक्षक</u>

३.४.१ सि. ए. श्री उद्धव पोखरेल — साझेदार, श्री जनक एण्ड एशोसियटस्, चाटर्ड एकाउण्टेण्टस्का प्रतिनिधि ।

३.४.२ सि. ए. श्री रबिन सापकोटा — आर. एशोसियट्स एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्टस् (सम्पति र दायित्व मूल्याकनकर्ता) का प्रतिनिधि ।

३.६ श्री भीष्म राज चालीसे — प्रमुख कार्यकारी अधिकृत
संस्थाका शेयर रजिष्ट्रार तथा विक्रि प्रबन्धक सिभिल क्यापीटल मार्केट लिमिटेडका प्रतिनिधि ।

३.७ काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेडका अध्यक्ष, संचालक, कार्यकारी प्रमुख लगायत अन्य पदाधिकारीहरू ।

३.८ यस संस्थाका साधारण शेयरधनी महानुभावहरू ।

३.९ <u>शेयर धनीहरू</u> :

१. शेयर धनी महानुभावहरू स्वंय उपस्थित — १३५
२. प्रतिनिधिपत्र (प्रोक्सी) मार्फत उपस्थित — २३

**४. गणपूरक संख्याः**

गणपूरक संख्या देहाय बमोजिम रहेको थियो ।

| **शेयरधनीहरू उपस्थिति** | **शेयरधनी संख्या** | **शेयर संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| स्वयम् उपस्थित | १३५ | २४२०८० | २४.२१ |
| प्रतिनिधिपत्र मार्फत उपस्थित | २३ | ४३९३२० | ४३.९३ |
| **जम्मा उपस्थिति** | १५८ | ६८१४०० | ६८.१४ |

**५. <u>सभाको वैधानिकता</u> :**

कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावलीमा भएका प्रावधान बमोजिम साधारण सभा बोलाउनुको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुगेको सभालाई जानकारी गराईयो ।

**६. <u>सभाको अध्यक्षता र सभा संचालन</u> :**

कम्पनी ऐन तथा संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम संचालक समितिका अध्यक्षले नै साधारण सभाको पनि सभापतित्व गर्ने प्रावधान अनुसार संस्थाको संचालक समितिका अध्यक्ष श्री दुर्गामान श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो ।

७. छैंठौं वार्षिक साधारण सभा प्रारम्भ गर्ने क्रममा यस संस्थाका अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्युले पानसमा बत्ती बालि छैंठौं बार्षिक साधारण सभा समुद्घाटन गर्नु भयो ।

८. सभामा उपस्थिति सम्पूर्ण महानुभावहरूबाट राष्ट्रिय गान बजिरहेको बेला आ-आफ्नो स्थानमा उभिई राष्ट्रिय गानको सम्मान गर्नु भयो ।

९. संस्थाका महाप्रबन्धक श्री उमेश रेग्मीले सभामा उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत भाषण प्रस्तुत गर्नुभयो ।

**१०. संचालक समतिको तर्फबाट अध्यक्ष श्री दुर्गामान श्रेष्ठज्यू बाट छैठौं वार्षिक प्रतिवेदन प्रस्तुती**

अध्यक्षज्यूले उपस्थित सबै शेयर धनी महानुभावहरूलाई हार्दिक स्वागत एवं अभिवादन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट संस्थाको आ. व. २०६७/०६८ को छैठौं बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**११.छलफलको लागि आव्हान :**

११.१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको छैंठौं बार्षिक प्रतिवेदन, आ.व. २०६७/०६८ को लेखा परीक्षण प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड संग गाभ्ने/गाभिने (मर्ज) गर्ने सम्बन्धमा निर्धारित विषयसूची अर्न्तगतका विशेष प्रस्ताव माथि छलफल गरी पारित गर्न शेयरधनी महानुभावहरूको कुनै जिज्ञासा, सुझाव, मन्तव्य तथा प्रश्नहरू भएमा आ-आफ्नो नाम दिई क्रमशः आफ्नो मन्तव्य तथा जिज्ञासा सभा समक्ष राख्न सभामा उपस्थित सबै शेयरधनीहरूलाई आह्वान गरिएको थियो ।

११.२ उक्त आह्वान अनुसार देहायका शेयरधनी महानुभावहरूले आ-आफ्नो प्रश्न, मन्तव्य र जिज्ञासाका साथै सुझाव समेत व्यक्त गर्नु भयो ।

१. श्री उद्धव प्रसाद घिमिरे
२. श्री नरसिहं लाल चखुँ
३. श्री दामोदर प्रसाद रेग्मी
४. श्री डमरू बल्लभ घिमिरे
५. श्री रोज कुमार श्रेष्ठ

**१२. शेयरहोल्डरहरूबाट प्रस्तुत प्रश्न, मन्तव्य, जिज्ञासा तथा सुझाव :**

१२.१ शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यूले राख्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्था मर्ज गर्ने सान्दर्भिक रहेको ।
ख) वोनश वितरण स्वागत योग्य रहेको ।
ग) प्रतिस्पर्धात्मक वित्तीय बजारमा एक आपसमा प्रतिपर्स्धा घटाउन मर्ज आवश्यक रहेको
घ) मर्ज पछिका कर्मचारीहरू लाभान्वित हुनुपर्ने ।
ङ) संम्पत्ति तथा दायित्व प्रतिवेदन स्वागत योग्य रहेको ।
च) मर्ज पछि पनि शेयरधनीहरूलाई उचित प्रतिफल दिनुपर्ने ।

१२.२ शेयरधनी श्री नरसिहं लाल चखुँज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) वोनश शेयर वितरण स्वागत योग्य रहेको ।
ख) नेपाल राष्ट्र बैंकको कैफियतलाई ध्यान दिनुपर्ने ।
ग) संस्थागत सुशासन बलियो हुनुपर्ने ।
घ) मर्ज पछि संस्थाको काम कारवाही सकारात्मक हुनुपर्ने ।
ङ) संम्पत्ति तथा दायित्व प्रतिवेदन स्वागत योग्य रहेको ।

१२.३ शेयरधनी श्री दामोदर प्रसाद रेग्मीज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्था मर्ज पश्चात विकास बैंकमा पदोन्नति हुन लागेको राम्रो पक्ष रहेको ।
ख) नतिजामूल व्यवस्थापन हुनुपर्ने ।
ग) प्रतिफलमूलक उचित नगद व्यवस्थापन गर्नुपर्ने ।
घ) मर्ज पछि पनि राम्रो प्रतिफल दिनुपर्ने ।
ङ) वित्त कम्पनीको हकमा बढी प्रतिफल दिन सकेको ।
च) नयाँ Product को विकास गर्नुपर्ने ।

१२.४ शेयरधनी श्री डमरू बल्लभ घिमिरेज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) वोनश शेयर वितरण स्वागत योग्य रहेको ।
ख) संस्थाको संचालक समिति लगायत व्यवस्थापनबाट गरेको काम कारवाही राम्रो रहेको पाईयो ।
ग) संस्था मर्ज गर्ने स्वागत योग्य रहेको ।
घ) मर्ज पछि पनि दुवै संस्था बीच राम्रो समन्वय हुनुपर्ने ।
ङ) भविष्यमा कर्मचारीहरूको हितलाई ध्यान दिनुपर्ने ।

१२.५ शेयरधनी श्री रोज कुमार श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) वोनश शेयर वितरण गर्ने राम्रो रहेको ।
ख) मर्जको लागि वधाई ज्ञापन ।

**१३.** शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझाव सन्दर्भमा अध्यक्ष श्री दुर्गामान श्रेष्ठ तथा महाप्रबन्धक श्री उमेश रेग्मीले संयुक्त रूपमा सबै शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावलाई प्रस्ट पार्दै उहाँहरूले दिनुभएको सुझावलाई ह्रदयगम गरी आगामी दिन सोही बमोजिम कार्य गर्ने र संस्था मर्ज पछि पनि एकिकृत संस्थाबाट प्रतिफल वितरण गर्न हरतवरले प्रयास गर्ने प्रतिवद्धता जाहेर गर्नु भयो । साथै शेयरधनीहरूको यस्तै सल्लाह, सुझाव निरन्तर प्राप्त भईरहने विश्वास व्यक्त गर्नु भयो ।

**१४. <u>सभाको निर्णयहरू</u> :**

संस्थाका अध्यक्षज्यूबाट देहाय बमोजिम प्रस्तावहरूको सर्वसम्मतीबाट पारित भएको घोषणा गर्नुभयो ।

**१४.१ <u>सञ्चालक समितिको वार्षिक प्रतिवेदन</u> :**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट सभा समक्ष पेश भएको संस्थाको छैंठौं बार्षिक प्रतिवेदन पारित हुन प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

**१४.२ <u>लेखा परीक्षण प्रतिवेदन सहित आ.व. २०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण</u> :**

आ. व. २०६७/०६८ को लेखा परीक्षण प्रतिवेदन सहितको संस्थाको २०६८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत अनुसूचीहरू सर्वसम्मतीबाट पारित भयो ।

**१४.३ <u>आ. व. २०६८/०६९ को लागि लेखा परीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारणः</u>**
यस संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लि. संग मर्ज गर्ने प्रक्रियामा रहेकोले चालू आ. व. २०६८/०६९ को पहिलो अर्धवार्षिक अवधिको लागि संस्थाको हरहिसाब लेखा परीक्षण गर्ने लेखा परिक्षण समितिबाट सिफारिस भए बमोजिम लेखा परिक्षक श्री गोपाल कुमार श्रेष्ठ चार्टर्ड एकाउण्टेण्ट्स्लाई एकमुष्ट रू.४०,०००/००(अक्षरेपी रू. चालीस हजार मात्र) भुक्तानी दिने गरी नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१४.४** संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको ३७.५० प्रतिशत वोनश शेयर (रू.३,७५,००,०००/-) र चुक्ता पूँजीको १.९७ प्रतिशतले हुने नगद लाभाशं (रू.१९,७३,६८४.२१) (लाभाशं कर प्रयोजनार्थ) वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

**१४.५** वोनश शेयर जारी गरेपछि बाँकी रहन आउने दशमलव पछिको भिन्न अंकको बोनश शेयरलाई सम्बन्धित शेयरधनीको नाममा अभिलेख राखि अर्कोपल्ट वोनश शेयर वा नगद लाभाशं वितरण गर्दा मिलान गर्ने बारेको विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१४.६ <u>प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधन पारित</u>**

प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिम संशोधन पारित गरियोस भनी प्रस्तुत गरिएको विशेष प्रस्तावका सम्बन्धमा सभामा छलफल हुँदा देहाय बमोजिम संशोधन गर्ने गरी सर्वसम्मतीबाट पारित भयो ।

**अ) जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे ।**

**<u>प्रबन्धपत्र तर्फ</u>**

| सम्बन्धित दफा | साविकको व्यवस्था | पारित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५ को उपदफा (ख) र (ग) | दफा ५<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू.१०,००,००,०००।- (अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू.१०,००,००,०००।-(अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | दफा ५<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू.१३,७५,००,०००।- (अक्षरेपी रू. तेह्र करोड पचहत्तर लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १३,७५,००० (तेह्र लाख पचहत्तर हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १३,७५,००,०००।- (अक्षरेपी रू. तेह्र करोड पचहत्तर लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १३,७५,००० (तेह्र लाख पचहत्तर हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | ३७.५०% का दरले वोनश शेयर वितरण गर्न स्वीकृती प्राप्त भएकोले । |

**नियमावली तर्फ**

| सम्बन्धित नियम | साविकको व्यवस्था | पारित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ५ को उपनियम (२) र (४) | नियम ५<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(२) वित्तीय संस्थाको जारी पूँजी रू.१०,००,००,०००।-(अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(४) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १०,००,००,०००।-(अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | नियम ५<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(२) वित्तीय संस्थाको जारी पूँजी रू.१३,७५,००,०००।-(अक्षरेपी रू. तेह्र करोड पचहत्तर लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १३,७५,००० (तेह्र लाख पचहत्तर हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(४) वित्तीय संस्थाको चुक्ता पूँजी रू.१३,७५,००,०००।-(अक्षरेपी रू. तेह्र करोड पचहत्तर लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १३,७५,००० (तेह्र लाख पचहत्तर हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | ३७.५०% का दरले वोनश शेयर वितरण गर्न स्वीकृती प्राप्त भएकोले । |

आ) प्रबन्धपत्र तथा नियमावलीमा सम्बन्धित निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार दिने बारे ।

प्रबन्धपत्र तथा नियमावलीमा सम्बन्धित निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार दिने विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१४.७** चल अचल सम्पत्ति मूल्याकंनकर्ताबाट यस संस्थाको सम्पत्ति र दायित्व मूल्याकंन प्रतिवेदन (Due Diligence Report, DDR) प्राप्त भईसकेको र मर्ज सम्बन्धी अन्य प्रक्रिया पूरा भएको हुँदा यस संस्था काष्ठमण्डप डेभलभमेण्ट बैंक लिमिटेडसंग गाभ्ने/गाभिने सम्बन्धी अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१४.८** यस संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेडसंग गाभ्ने/गाभिन सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१४.९** विविध :

निर्धारित विषय सूची अनुसार विविध अन्तर्गत छलफलको कुनै प्रस्ताव नभएकोले सभाको अन्त्यमा संचालक श्री महेश कुमार श्रेष्ठले उपस्थित सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गर्नु भयो ।

१५. **सभा विसर्जन** :

सभाका सभापतिज्यूले सबै शेयरधनी महानुभावहरूलाई वहाँहरूको सक्रिय सहभागिता तथा अमूल्य सुझावका लागि आभार प्रकट तथा हार्दिक धन्यवाद दिर्दै शिखर फाइनान्स लिमिटेडको छैंठौं बार्षिक साधारण सभा विसर्जन भएको व्यहोरा अध्यक्ष श्री दुर्गामान श्रेष्ठले सभामा जानकारी गराउनु भयो ।

(प्रदिप मानन्धर)
अधिकृत/कम्पनी सचिव

मिति २०६८/०९/०५

(दुर्गामान श्रेष्ठ)
अध्यक्ष